

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५१ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २४ अंक १ | श्रावण–आश्विन २०७३ | Year 24 Vol 1 | Aug.-Oct. 2016

## हार्थोकमा राष्ट्रिय वाणिज्य बैंकको १६८ औं शाखा स्थापना

**३० श्रावण, पाल्पा**

पाल्पा जिल्लाको महत्वपूर्ण व्यापारिक केन्द्र हार्थोकमा राष्ट्रिय वाणिज्य बैंकको १६८ औं शाखा कार्यालय स्थापना गरिएको छ । उक्त शाखाको नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरन्जीवी नेपालले एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो समारोहमा प्रमुख अतिथि गभर्नर डा. चिरन्जीवी नेपालले राष्ट्रिय वाणिज्य बैंक नेपालको बैकिङ्ग क्षेत्रमा अत्यन्तै उत्तम



बैंक भएकोले जनतालाई निर्धक्कसंग कारोवार गरी बैकिङ्ग सेवाको भरपुर उपयोगबाट यस क्षेत्रको आर्थिक विकासमा योगदान पुर्‍याउन आग्रह गर्नुभयो।

राष्ट्रिय वाणिज्य बैकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले यस शाखाबाट जनताले सम्पूर्ण सुविधाहरु पाउने बताउदै बैकले नयां संभाव्य क्षेत्रहरुमा शाखा स्थापना गरि वित्तिय पहुंच विस्तार गर्ने वताउनुभयो। बैकको पोखरा क्षेत्रिय कार्यालयका प्रवन्धक राज कुमार खड्काको सभापतित्वमा सम्पन्न उक्त समारोहमा ब्रान्च अपरेसन विभागका प्रमुख उध्दव प्रसाद खनालले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक राजेन्द्र पण्डित, ने.रा.बैंक भैरहवाका मुख्य व्यवस्थापक रेवती प्रसाद नेपाल, रा.वा.बैक ब्रान्च अपरेसन विभागका उप प्रमुख नारायण प्रसाद सुवेदी, प्रवन्धक सरोज बस्नेत, उप प्रवन्धक ईश्वरी न्यौपाने, शाखा प्रवन्धक कृष्ण पन्थी, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु , उद्यमी व्यवसायी तथा सर्वसाधारणको भव्य उपस्थिति थियो।


## राष्ट्रिय वाणिज्य बैक : पुरष्कार वितरण कार्यक्रम




**१९ भाद्र, काठमाडौं**

राष्ट्रिय वाणिज्य बैकले अघिल्लो आर्थिक वर्षमा उत्कृष्ट कार्यसम्पादन गर्ने देशभरका १७ शाखा कार्यालय र २६ कर्मचारीलाई एक समारोहका बीच पुरष्कृत तथा सम्मानित गरेको छ । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. रवीन्द्र प्रसाद पाण्डेले पुरष्कार तथा सम्मानपत्र वितरण गर्नुभएको थियो । सो अवसरमा प्रमुख अतिथि डा.पाण्डेले वस्तुगत आधारमा पारदर्शी ढंगले गरिने पुरष्कार तथा सम्मानको अभ्यासबाट शाखा तथा कर्मचारी माझ कार्य उत्प्रेरणा बढाउने वताउदै अर्थतन्त्र संधै असहज रहने परिप्रेक्ष्यमा निक्षेप र कर्जा वृध्दिवीच तालमेल मिलाउन बैक व्यवस्थापन तथा कर्मचारीले नयां लगानीका क्षेत्र पहिल्याउन खोजमूलक भई जोखीम वहन गर्ने क्षमता बढाउनु पर्ने, बैकले युवा लक्षित कार्यकम ल्याउनु पर्ने आवश्यकता औल्याउनुभयो । सो समारोहमा सभापतिको आसनबाट बैकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बजारमा विद्यमान तीव्र प्रतिष्पर्धाका बीच राष्ट्रिय वाणिज्य बैकलाई सबै आधारमा पहिलो बैक बनाउने उद्घोषलाई साकार बनाउन सेवाको गुणस्तर वृद्धि, कर्जा प्रवाहमा क्रियाशीलता, सुमुधुर औद्योगिक सम्वन्ध कायम लगायतका कदमबाट बैकलाई नयां ढंगले अघि बढाउन बैक व्यवस्थापन भरमग्दुर प्रयत्नशील रहेको वताउदै बैकको समग्र उत्थान निम्ति चालिने यी

बाँकी पृष्ट ४ ▸▸



विजया दशमी, दिपावली, नेपालसंवत, छठ, ल्होसार लगायत सम्पूर्ण राष्ट्रिय चाडपर्व २०७३ को शुभद उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्ग तथा शुभेच्छुकहरुमा हार्दिक मंगलमय

शुभ–कामना

व्यक्त गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाइको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

## सम्पादकीय ........................................

युवा वर्ग देशको उत्पादनशील तथा भरोसाको वर्ग । यौटा युवालाई सक्षम बनाउन परिवार, समाज र राष्ट्रले धेरै ठूलो लगानी गरेको हुन्छ ,जब उत्पादनको बेला हुन्छ तव युवा फुत्त विदेश जान्छ त्यो परिवार ,समाज र राष्ट्रको लागि कति प्रत्युत्पादक हुन्छ ,यो आंकलन नै गर्न नसकिने हिसाव हो । त्यसैले सरकार र सरकारी अंगका प्रयासहरु उत्पादनशील यस वर्गलाई समाज र राष्ट्रको चातुर्दिक उत्थानमा सहयोगी भूमिका निभाउन उत्प्रेरित गर्ने दिशामा केन्द्रित हुनु पर्दछ । यस विषयवस्तुबारे बैक तथा वित्तिय संस्थाका गोष्ठीहरुमा केही चर्चा हुने गरेतापनि त्यो कोठेगफमा नै सीमित रही अपेक्षित उपलब्धि हासिल हुन नसकेको र यसलाई कार्यरुपमा उतार्न व्यावहारिक कार्ययोजनाको खांचो रहेको सन्दर्भमा यस निम्ति नेपालका सबै बैक तथा वित्तीय संस्थाले सामुहिक कार्ययोजना बनाउन ढिलाई नगर्ने कि ? ..............।

मानव संशाधन व्यवस्थापन बैकको एक महत्वपूर्ण पाटो रहेको सन्दर्भमा रावावैकले यससम्वन्धमा महत्वपूर्ण पहल आरम्भ गरेको छ । करिव ४५० को संख्यामा नयां कर्मचारी पदपूर्ति निम्ति बैकले गरेको विज्ञापनले युवा विद्यार्थीमाझ केही आशाको संचार गराएको छ । आशा गरौं केही महिनामा बैकले प्राप्त गर्ने नयां जनशक्तिले बैकमा नयां रक्त संचार भई बैकले सेवा प्रवाहमा नयां दिशा र गति पाउने छ ........................।

लामो समयदेखि विवादमा रहेको रावावैक वोनस प्रकरणले निकाश पाएको छ । मुनाफामा योगदान पुऱ्याउने कर्मचारीले यो हक प्राप्त गरेका छन् ,यसबाट ढिलै भएपनि सत्य र न्यायको जित भएर नै छोड्छ भन्ने मान्यता स्थापित भएको छ । यस अवसरमा सत्य र न्याय स्थापना निम्ति योगदान पुऱ्याउने सम्वद्ध सबै पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यस बैकमा कार्यरत सबै कर्मचारीलाई हार्दिक वधाई ज्ञापन गर्दछ ................।

**अन्तमा एक नीति कथा**

केही मानिसहरु नदी तर्न यौटा डुंगामा सवार थिए । त्यहां एक सन्त पनि थिए । वर्षाको मौसम बाढीको कारण अचानक डुंगामा केही पानी पस्यो । त्यो डुंगामा सवार सन्तले वांच्ने उपाय खोज्नुको साटो उल्टै नदीबाट कमण्डलुले पानी उवाउदै भर्न थाले । अरुले सोधे किन यसो गरेको ? सन्तले जवाफ दिए यदि भगवानको इच्छा नै यस्तै छ भने म किन विरुद्ध जाने । आखिर भगवानको पनि त विवेक होला, नियम, कानुन होला । यसै भनेर चित्त वुझाउनु पर्ने भएको छ, हाम्रा दुई शालीन कर्मचारी एक वहालवाला कर्मचारी वलभद्र खनाल र अर्का पूर्व कम्पनी सचिव नारायणप्रसाद काफ्लेको असामयिक दुखद निधनको खवरले । दुवै आत्माको चिर शान्तिको निम्ति सर्वशक्तिमान् ईश्वरसंग प्रार्थना गर्दै हार्दिक श्रध्दा सुमन .................।

### सुझाव तथा प्रतिकृयाको लागि

यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिकृया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -स.

ई-मेलः rbbnl@rbb.com.np

सम्पर्क फोन नं.: ०१-४२५२५९५, Ext. २४२३

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल सर्टिफाइङ्ग कम्पनी बीच सम्झौता

**आषाढ ८, काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल सर्टिफाइङ्ग कम्पनी (एनसीसी) बीच डिजिटल सिग्नेचर तथा सर्टिफिकेट(डिएससी) प्रदान गर्ने विषयमा सम्झौता भएको छ । बैंकभित्र विद्युतीय प्रणाली मार्फत गरिने सूचना आदान प्रदानमा उत्पन्न हुने जोखिमलाई न्यूनिकरण गर्दै सूचना प्रणालीलाई थप विश्वसनीय




बनाई अनलाइन कारोबारलाई थप सुरक्षित बनाउने उद्धेश्यले गरिएको उक्त सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठ र एनसीसीका तर्फबाट अध्यक्ष श्री विप्लबमान सिहंले बैकमा आयोजित एक कार्यक्रमका बीच हस्ताक्षर गर्नु भयो । राष्ट्रिय वाणिज्य बैंकले डिएससी लाई कागजातको आधिकारीकताका निम्ति कानुन वमोजिम विभिन्न चरणमा कार्यान्वयन गर्ने छ । यस संझौताले ग्राहक अनुभवमा सुधार ल्याउदै बैंकको अभौतिकीकरणमा जाने उद्देश्यमा थप सहयोग पुग्ने तथा यसको प्रयोगले बैंकले ग्राहक समक्ष सुरक्षित एवं भरपर्दो रुपमा सेवा पुऱ्याउने र जोखिम कम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उक्त संझौता कार्यक्रममा एनसीसीका अध्यक्ष श्री विप्लबमान सिहंले राष्ट्रिय वाणिज्य बैंक जस्तो धेरै कार्यसंजाल भएको ठूलो बैंकलाई डिएससी उपलब्ध गराउन पाउंदा खुशी लागेको बताउनुभयो । बैंकका सुचना प्रविधि विभागका विभागीय प्रमुख श्री देवेश लोहनीले यस डिएससीको प्रयोगबाट ग्राहकहरुमा छिटो छरितो रुपमा सुरक्षित सेवा पुर्‍याउन थप मद्दत पुग्ने कुरा व्यक्त गर्नुभयो । नेपाल सर्टिफाइङ्ग कंपनीले रेडियन्ट इन्फोटेक नेपालद्वारा जारी भएको डिजिटल सिग्नेचर र सर्टिफिकेटहरु व्यवस्थापन गर्दै डिएससीलाई देशभर लागु गरि कागजातद्वारा गरिने कार्यलाई प्रतिस्थापन गर्दै आएको छ ।



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नागरिक लगानी कोषबीच सेवा आदान प्रदान सम्झौता

**३१ आषाढ, काठमाडौं**



नागरिक लगानी कोषको रकम संकलन तथा ट्रान्सफर कार्यलाई अझ बढि सरल र सुविधायुक्त बनाउने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नागरिक लगानी कोष बीच रकम संकलन तथा ट्रान्सफर गर्ने सम्बन्धमा सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र नागरिक लगानी कोषका कार्यकारी निर्देशक रामकृष्ण पोखरेलले हस्ताक्षर गर्नुभयो । उक्त अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठले दुई ठूला सरकारी निकाय बीचको संझौताले कर्मचारीको वचत बानी विकासमा थप सघाउ पुग्ने अपेक्षा सहित  आगामी आर्थिक वर्षमा बैंकले थप्ने ३० वटा शाखा कार्यालयको सेवाबाट कोषका बचतकर्ता र सर्वसाधारण जनता लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा नागरिक लगानी कोषका कार्यकारी निर्देशक श्री रामकृष्ण पोखरेलले यो संझौताले नागरिक लगानी कोषका ५ लाख ७० हजार बचतकर्ता लाभान्वित हुने बताउनुभयो । यस नयां संझौता अनुसार नागरिक लगानी कोषको बैंकका विभिन्न शाखामा रहेका अनेकौ खाताहरु बन्द गरि स्किम अनुसारको ६ वटा खाताहरु मात्र संचालन गरिनेछ । नेपाल भरीबाट जम्मा हुन आउने रकम बैंकका शाखा कार्यालय थापाथली, टेकु र वानेश्वरमा रहेका कोषको कर्मचारी बचत बृद्धि अवकाश कोष, निजामती वीमा कोष , शिक्षक वीमा कोष, सैनिक वीमा कोष , नेपाल प्रहरी वीमा कोष , सशस्त्र प्रहरी वीमा कोषको  नामको खातामा मात्र शिर्षक अनुसार रकम जम्मा हुनेछ ।

उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कविराज अधिकारी, का.मू.नायब महाप्रवन्धक टेकराज जोशी, ब्रान्च अपरेशन विभागका प्रमुख उद्धब खनाल, ब्रान्च अपरेशन विभागका उप प्रमुख श्री नारायण प्रसाद सुवेदी, प्रवन्धक श्री सरोज बस्नेत, उप प्रवन्धक ईश्वरी न्यौपाने, लक्ष्मि प्रसाद पराजुली  नागरिक लगानी कोषका मूख्य व्यवस्थापक सुशिल कुमार अर्याल लगायत अन्य वरिष्ठ कर्मचारीको उपस्थिती रहेको थियो ।

# ब्रान्चलेस बैकिङ्ग सम्बन्धी तालिम सम्पन्न



**१८ आषाढ, गोरखा**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभाग र इलेक्ट्रोनिक बैकिङ्ग विभागको संयुक्त आयोजनामा गत आषाढ १७ र १८ गते गोरखाको हरामटारी स्थित होटल मिराकलमा दुई दिवसीय ब्रान्चलेस बैकिङ्ग (बीएलबी) सम्बन्धी तालिम सम्पन्न भएको छ । कार्यक्रमको समापन गर्दै प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बीएलबी एजेन्टहरु पनि बैंक भित्रकै सदस्य भएकाले एजेन्टहरुले गर्ने ग्राहकसंगको व्यवहारप्रति रावाबैंकको प्रतिनिधित्व झल्कने हुंदा संयमित भएर कार्य गर्न अनुरोध गर्नुभयो । श्रेष्ठले बीएलबीको माध्यमबाट बैंक गाउ गाउमा वित्तीय सेवा पुर्‍याउन  सक्ने र भविष्यमा कारोबारको आधारमा संभावना भएका क्षेत्रमा बैंकले शाखा कार्यालयको स्थापना गर्न सक्ने बताउनुभयो । इलेक्ट्रोनिक बैकिङ्ग विभागका प्रमुख कपिलमणि ज्ञवालीले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न सके बीएलबी एजेन्टहरुले नाम र दाम दुबै कमाउन सक्ने बताउनुभयो । रावाबैंकको एजेन्टको रुपमा कार्यरत गोरखा जिल्लाका चार, नुवाकोट जिल्लाका तीन र धादिङ्ग जिल्लका एक गरी कुल आठ बीएलबी एजेन्टहरुलाई सक्षम संस्थाका सुमन ढकाल, बैंकका इलेक्ट्रोनिक बैकिङ्ग विभागका उपप्रमुख रिकु स्थापित, तालिम तथा विकास विभागका प्रवन्धक शिवराम पौडेल, ब्रान्च अपरेशन विभागका सरोज बस्नेत, सूचना प्रविधि विभागका उप प्रवन्धक विमलप्रसाद जोशी, इलेक्ट्रोनिक विभागका विलभराज  गौतम, साजन सुवाल, सुरेश अवाल लगायतले बीएलबीको संचालन तथा वित्तीय अनुशासनको बारेमा विस्तृत रुपमा प्रशिक्षण दिनु भएको थियो । ब्रान्च अपरेसन विभागका प्रवन्धक सरोज बस्नेतको संचालनमा सम्पन्न उक्त कार्यक्रममा प्रवन्धक गंगाधर पौडेलले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त तालिम कार्यक्रमको समापन समारोहमा इलेक्ट्रोनिक बैकिङ्ग विभागका प्रमुख कपिलमणि ज्ञवाली, शाखा कार्यालय गोरखाका प्रवन्धक गंगाधर पौडेल र शाखा कार्यालय विदुरका प्रवन्धक केशव गजुरेलको समुपस्थिती  थियो । स्मरण रहोस राष्ट्रिय वाणिज्य बैकका १६९ शाखा कार्यालय १६ काउन्टर र ८० वटा बीएलबीको कार्यसंजाल रहेको छ ।

# श्रद्धाञ्जली



जन्मः
वि.स. २०२०।०७।११

स्वर्गारोहण :
२०७३।०४।२९

यस बैंकको आन्तरिक लेखापरिक्षण विभागमा कार्यरत प्रवन्धक बलभद्र खनाल(१००४०)को असमायिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. ...तपाइको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**परिवार**

# रावावैक र उद्योग वाणिज्य संघ गोरखा बीच अन्तरक्रिया

**१८ आषाढ, गोरखा**



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, व्यवस्थापनका अन्य अधिकारीहरु तथा गोरखा जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधिहरुवीच गोरखामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा स्थानिय व्यवसायीहरुले रावावैकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ समक्ष बैकिङ्ग कारोबार गर्दा आईपरेका समस्याहरु शाखाको कर्जा सिमा कम भएको, गोरखा शाखाको भौतिक पुर्वाधार सांघुरो भएको, कर्जा



ब्याजदर घटाउनु पर्ने, धितो मूल्याङकनमा सरलता अपनाउनु पर्ने,सुन कर्जा दिउंसो पनि प्रवाह गर्नु पर्ने, एबिबिएस निशुल्क गर्नुपर्ने, एटिएम चौबिसै घण्टा संचालन हुनुपर्ने, बैंक ग्यारेन्टी छिटो र सहज किसिमले जारी हुनु पर्ने लगायतका समस्या तथा अप्ठेराहरुबारे आफ्ना भनाईहरु राख्नुभएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृतले नीतिगत समस्याहरुलाई माथिल्लो तहबाट र बांकी समस्याहरुलाई व्यवस्थापनले सम्बोधन गर्ने जवाफ दिनुभएको थियो । उक्त कार्यक्रममा गोरखा उद्योग वाणिज्य संघका अध्यक्ष श्रवण जोशी, निर्माण व्यवसायी गोरखाका महासचिव होम बहादुर वानिया, पुराना व्यवसायी धिरज बहादुर मास्के, भाईचन्द्र श्रेष्ठ, जीवन ज्योती लगायत बैंकका इलेक्ट्रोनिक विभागका प्रमुख कपिलमणि ज्ञवाली, ब्रान्च अपरेशन विभागका प्रवन्धक सरोज बस्नेत, शाखा कार्यालय गोरखाका प्रवन्धक गंगाधर पौडेल, सहायक प्रवन्धक अर्जुन पनेरु समेतको उपस्थिति थियो ।

# इलेक्ट्रोनिक चेक क्लियरीङ्ग(इसीसी) सम्बन्धी प्रशिक्षण सम्पन्न



**१६ आषाढ, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभाग तथा सूचना प्रविधि विभागको संयुक्त आयोजनामा गत आषाढ १६ गते इलेक्ट्रोनिक चेक क्लियरीङ्ग(इसीसी) प्रणाली सम्बन्धी प्रशिक्षण कार्यक्रम बैंकको केन्द्रिय कार्यालयमा सम्पन्न भयो । उक्त प्रशिक्षण कार्यक्रममा ब्रान्च अपरेशन विभाग, सूचना प्रविधि विभाग, इलेक्ट्रोनिक विभाग, वित्त विभागका १७ जना प्रशिक्षार्थीहरुको सहभागीता रहेको थियो । सुचना प्रविधि विभागका उप प्रवन्धक विमल प्रसाद जोशीले इसीसी प्रणालीमा आएको नयां विषय तथा काम गर्दा आइपर्ने समस्याको बारेमा प्रशिक्षण दिनु भएको थियो । कार्यक्रममा सूचना प्रविधि विभागका प्रमुख देवेश लोहनी, ब्रान्च अपरेशन विभागका उप प्रमुख नारायण प्रसाद सुवेदी, प्रवन्धक सरोज बस्नेत लगायतको उपस्थिती थियो ।

## पुरष्कार वितरण कार्यक्रम .....

कदममा सबै सरोकारवालाबाट हार्दिक सहयोगको अपेक्षा प्रकट गर्नुभयो । उक्त कार्यक्रममा बैंकका का. मु.नायव प्रमुख कार्यकारी अधिकृत विष्णु प्रसाद वैद्यले आफनो स्वागत मन्तव्यमा बैंकका अल्पकालीन तथा दीर्घकालीन लक्षहरुबारे प्रकाश पार्दै प्रतिष्पर्धात्मक बैकिंग बजारमा अग्रता हासिल गर्न ग्राहकलाई छिटो छरितो र विश्वसनीय सेवा प्रवाहमा कर्मचारीबाट थप सक्रियताको अपेक्षा प्रकट गर्नुभयो । उक्त कार्यक्रममा सर्वोत्कृष्ठ शाखा कार्यालय लालबन्दीका प्रवन्धक फौद बहादुर सुनुवार, उत्कृष्ठ कर्मचारीका तर्फबाट बैंकको शाखा कार्यालय लमहीका प्रवन्धक श्यामसुन्दर गौतम, बैकमा क्रियाशील यूनियनहरुमध्ये राष्ट्रिय कर्मचारी संगठन नेपालका अध्यक्ष राजेन्द्र कुमार कार्की, नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष दीपेन्द्र कार्की, नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैकका महासचिव माधव दत्त पन्त, राष्ट्रिय वाणिज्य बैक कर्मचारी संघका महासचिव हेम राज सुवेदीले मन्तव्य दिनुभएको थियो । बैंकको ब्रान्च अपरेसन विभागका प्रमुख उद्धव प्रसाद खनालको संयोजनमा सम्पन्न सो समारोहमा बैंकका उपप्रवन्धक धर्मराज अर्यालले वधाई कविता वाचन गर्नुभएको थियो ।



*सर्वोत्कृष्ठ शाखा कार्यालय लालबन्दीका प्रवन्धक फौद बहादुर सुनुवार बैंकका अध्यक्षबाट पुरस्कार ग्रहण गर्दै ।*

स्मरण रहोस् झनै अघिल्लो आर्थिक वर्ष ०७१ । ०७२ को कार्यसम्पादनमा बैकका देशभरका शाखाहरुमध्ये शाखा कार्यालय लालवन्दीले सर्वोत्कृष्ठ स्थान हासिल गरेको थियो भने क वर्गका शाखामध्ये शाखा कार्यालय वानेश्वर, ख वर्गका शाखामध्ये शाखा कार्यालय भैरहवा, ग वर्गका शाखामध्ये शाखा कार्यालय सिन्धुली, घ वर्गका शाखा मध्ये शाखा कार्यालय लालवन्दी, ङ वर्गका शाखा मध्ये शाखा कार्यालय सुनवलले प्रथम स्थानसहित कूल १७ शाखाले द्वीतिय तथा तृतिय पुरष्कार प्राप्त गरेका थिए ।

## समाचार संक्षेप



### नायव महाप्रवन्धक श्रेष्ठलाई जिम्मेवारी थप

राष्ट्रिय वाणिज्य बैंकको मिति २०७३ भाद्र ८ गतेको निर्णयानुसार बैकका नायव महाप्रवन्धक सुशिल श्रेष्ठलाई बैंकको सूचना अधिकारीको जिम्मेवारी समेत थप गरिएको छ ।

# सरकारी कारोबार तथा निवृत्तिभरण ब्यवस्थापन सम्बन्धी कार्यक्रम सम्पन्न

**१७ भाद्र, काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंक वित्त विभाग र तालिम तथा विकास विभागको संयुक्त आयोजनामा सरकारी कारोवार तथा निवृत्तिभरण व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम काठमाडौमा सम्पन्न भएको छ । उक्त कार्यक्रमको उदघाटन गर्दै प्रमुख अतिथि एवं बैकका का.मु. नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डेले सूचना प्रविधिको भरमग्दुर प्रयोगबाट सरकारी कारोबारलाई छिटो छरितो र विश्वसनीय बनाउन सकिने बताउदै रा.वा.बैंकले सरकारी कारोवारमा सूचना प्रविधिको प्रयोग बढाउदै लगेको बताउनुभयो । वित्त विभागका विभागीय प्रमुख सरस्वती अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानीले स्वागत मन्तब्य तथा प्रोग्राम हाईलाईट दिनु भएको थियो । उक्त कार्यक्रममा नेपाल सरकार महालेखा नियन्त्रकको कार्यालय,निवृत्तिभरण ब्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक तथा राष्ट्रिय वाणिज्य बैंकका करिब ४० जना कर्मचारीहरुको सहभागिता रहेको थियो । सो अन्तरकिया कार्यक्रममा सरकारसंगको शोधभर्ना, भुक्तानी, हिसाब मिलान,एकल खाता कोष प्रणाली,राजश्व ब्यवस्थापन सूचना प्रणालीको कार्यान्वयनमा देखिएका समस्या र समाधानको उपायहरु, सरकारी कारोवार तथा पेन्सन भुक्तानीमा देखिएका समस्याहरुको बारेमा विस्तृत छलफल भएको थियो । उक्त कार्यक्रममा नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक रमेश प्रसाद शिवाकोटी, निवृत्तिभरण ब्यवस्थापन कार्यालयका प्रमुख शिवनाथ पौडेल,नेपाल राष्ट्र बैंकका का.मु.निर्देशक हरि प्रसाद अधिकारी, रा.वा.बैंक सूचना प्रविधि विभागका विभागीय प्रमुख देवेश प्रसाद लोहनी, प्रवन्धक शंकर अधिकारी,उपप्रवन्धक अर्जुन प्रसाद दाहाल लगायतको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको संचालन तालिम तथा विकास विभागका उपप्रमुख देबराज रेग्मीले गर्नुभएको थियो ।




**मानव संशाधन स्तम्भ**

# तालिम विदेश

सन् २०१६ अगस्ट २२ देखि २६ सम्म थाइल्याण्डको बैंककमा संचालित Professional Training on Banking Management विषयक तालिम कार्यक्रममा निम्न कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो ।



| पद तथा नाम | विभाग/शाखा |
|---|---|
| प्रवन्धक नारायणप्रसाद सुवेदी | ब्रान्च अपरेशन विभाग |
| प्रवन्धक शिवराम पौडेल | तालिम तथा विकास विभाग |
| प्रवन्धक विश्व प्रकास ज्ञवाली | कृषि तथा सामाजिक बैंकिङ्ग कर्जा विभाग |
| प्रवन्धक पुष्पचन्द्र थापा | शा.का. ठमेल |
| प्रवन्धक मीरा देवी भारी | मानव संशाधन विभाग |
| प्रवन्धक लक्ष्मीश्वर देवकोटा | शा.का. मैतिदेबी |
| प्रवन्धक पद्मा लक्ष्मी जि.सी. | कर्जा विभाग |
| का.मु.प्रवन्धक भोला निरौला | शा.का.राजविराज |
| उप प्रवन्धक बाशुदेव बराल | शा.का.मिर्चैया |
| उप प्रवन्धक बाल कुमार थापा | शा.का. कंलकी |
| उप प्रवन्धक विकाश गिरी | सूचना प्रविधि विभाग |
| उप प्रवन्धक होताराम योगी | शा.का. सुर्खेत |
| उप प्रवन्धक मेदिनीविलास घिमिरे | शा.का.तालचोक |
| उप प्रवन्धक मोहनकृष्ण श्रेष्ठ | ब्रान्च अपरेशन विभाग |
| उप प्रवन्धक शान्तिलाल श्रेष्ठ | वित्त विभाग |
| उप प्रवन्धक लेखनाथ अधिकारी | शा.का.आंबुखैरेनी |
| उप प्रवन्धक गंगाधर पौडेल | शा.का. गोरखा |
| सहायक प्रवन्धक गौरीशंकर मण्डल | शा.का. जलेश्वर |
| सहायक प्रवन्धक हेमबहादुर खड्का | शा.का. नारायणपुर |

# मैतिदेबी शाखामा पुरस्कार वितरण कार्यक्रम



राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय मैतिदेबीले गत आर्थिक वर्षमा "ग" वर्गका शाखा कार्यालयहरु मध्ये द्वीतिय भए भापत प्राप्त गरेको रु २५०००।- रकमबाट शाखामा कार्यरत १५ जना कर्मचारीहरुलाई एक कार्यक्रमका बीच पुरस्कार वितरण गरेको छ। उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, का.मु. नायव प्रमुख कार्यकारी अधिकृत बिष्णु प्रसाद बैद्य, ब्रान्च अपरेशन विभागका विभागिय प्रमुख उद्धव खनाल, मानव संसाधन विभागका विभायिय प्रमुख गणेश ढकाल, शाखा कार्यालय मैतिदेबीका प्रवन्धक लक्ष्मीश्वर देबकोटा लगायत शाखाका सम्पूर्ण कर्मचारीहरुको उपस्थिती रहेको थियो। उक्त कार्यक्रममा शाखा प्रवन्धक देबकोटाले पेश गरेको शाखाको लक्ष्य प्रगतिमा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले प्रशंसा ब्यक्त गर्नुभएको थियो ।

# रा.वा. बैंक कर्मचारी संघ नेपालको २७ औं वार्षिकोत्सव सम्पन्न

**६ श्रावण, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य कर्मचारी संघ नेपालको २७ औं वार्षिकोत्सव विविध कार्यक्रमका बीच भव्य रुपमा सम्पन्न भयो । वार्षिकोत्सव कार्यक्रमको समुदघाटन पेसागत महासंघका अध्यक्ष एवं नेकपा एमालेका केन्द्रिय सदस्य श्री विश्वनाथ प्याकुरेलले गर्नुभएको थियो भने रा.वा. बैंक कर्मचारी संघ नेपालका अध्यक्ष श्री बेदबहादुर लावतीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा उद्घाटन मन्तब्य दिदै महासंघका अध्यक्ष प्याकुरेलले संविधानले श्रमिक अधिकार प्रत्यायोजन गरि सम्पूर्ण नेपाली श्रमिकले संवैधानिक अधिकार प्राप्त गरेकोमा खुशि ब्यक्त गर्नुभयो ।




संघको २७ औं वार्षिकोत्सव कार्यक्रमको अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठले बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ राष्ट्रिय समिति (BIFU Nepal) का अध्यक्ष श्री नारायण प्रसाद सुवेदीलाई ब्लड ब्याग हस्तान्तरण गरेर शुरु भएको रक्तदान कार्यक्रममा ६५ जना बैंक कर्मचारीहरुले रक्तदान गर्नुभएको थियो । वार्षिकोत्सवको अवसरमा संघले शान्तिनगर स्थित निसहाय सेवा सदनका ४० जना बृद्ध बृद्धाहरुलाई एक छाक भोजन गराएको छ । संघको केन्द्रिय कार्यालय सिंहदरवार प्लाजामा आयोजित तातो आलु कार्यक्रममा प्रथम श्री रिता शाक्य, द्वितीय श्री सीता थापा, तृतीय श्री दुर्गा घिमिरे हुनुभई विजयीहरुलाई बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । बैंक सेवाबाट निवृत्त भएका संघका ३० जना आजिवन सदस्यहरुलाई प्रमुख अतिथि श्री प्याकुरेलले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

संघको वार्षिकोत्सव कार्यक्रममा बैंक बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ राष्ट्रिय समिति (BIFU Nepal)का अध्यक्ष श्री नारायण प्रसाद सुवेदी, बिफू अन्तर्रत रहेका अन्य प्रतिष्ठान स्तरका ट्रेड यूनियनहरुका अध्यक्ष, बैंक संचालक समितिका सदस्यहरु बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठ, का.मु.नायव प्रमुख कार्यकारी अधिकृत श्री बिष्णु प्रसाद बैद्य, नायब महाप्रवन्धकहरु, विभागीय प्रमुखहरु र उल्लेख्य संख्यामा बैंक कर्मचारीको उपस्थिती थियो । संघका वरिष्ठ उपाध्यक्ष श्री भरत भट्टराइको स्वागत मन्तव्यबाट आरम्भ भएको सो समारोहको संचालन महासचिव श्री हेमराज सुवेदीले गर्नु भएको थियो ।

# बी.पी. जयन्तीको अवसरमा विचार गोष्ठी



**२३ भाद्र, काठमाडौ**

नेपालको साहित्यिक तथा राजनैतिक फांटका शिखर पुरुष महामानव विश्वेश्वर प्रसाद कोइरालाको १०२ औ जन्मजयन्तीको अवसरमा नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिद्वारा २१ औ शताव्दीको नेपाली कांग्रेस र वी.पी. विचार विषयक विचार गोष्ठीको आयोजना गरियो । सो विचार गोष्ठीमा प्रमुख अतिथि भौतिक पूर्वाधार तथा यातायात मन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य रमेश लेखकले वी.पी यस युग र यस महादेशकै महान व्यक्तित्व रहेको वताउंदै वी.पी. र डिमोक्रेसीलाई सम्झिंदा ३ वटा डि (डेभलपमेन्ट, डिस्ट्रिव्यूसन र डिसिप्लिन) एकसाथ सम्झनु पर्ने वताउनुभयो । सो समारोहमा विशिष्ट अतिथि नेपाली कांगेसका केन्द्रीय सदस्य विश्वप्रकाश शर्माले करुणाको हृदय भएका साहित्यिक व्यक्तित्व वी.पी.करिव ७० वर्षयता नेपालको राजनीतिमा मार्गदर्शक केन्द्रीय व्यक्तित्वको रुपमा रहेको वताउनुभयो । विशेष: अतिथि राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. रवीन्द्र प्रसाद पाण्डेले ग्रामीण अर्थतन्त्र र किसानको सवलिकरण गर्ने वी.पी. चिन्तनलाई पछ्याउनुपर्ने वताउनुभयो । विशेष : अतिथि राष्ट्रिय वाणिज्य बैकका कायम मुकायम नायव प्रमुख कार्यकारी अधिकृत विष्णु प्रसाद वैद्यले आफू वीं.पी.बारे धेरै जानकार नरहेतापनि असल मानिस बन्नु पर्ने वी.पी.चिन्तनले आफू अत्यन्त प्रभावित रहेको वताउनुभयो ।

सो अवसरमा नेपाली साहित्यको श्रीवृध्दिमा अत्यन्त महत्वपूर्ण योगदान पुर्‍याउने मदन पुरष्कार विजेता वरिष्ठ साहित्यकार युवराज नयांघरेलाई वी.पीं. कोइराला साहित्य सम्मानबाट सम्मानित गरिएको थियो । यसैगरि गत एस.एल.सि.मा उत्कृष्ठता हासिल गर्ने कर्मचारीका छोराछोरीमध्ये केन्द्रीय कार्यालयका प्रवन्धक ईश्वरी प्रसाद दहालकी सुपुत्री इशा दहाल (प्रथम) शाखा कार्यालय विराटनगरका प्रवन्धक जगन्नाथ कुईकेलका छोरा इरज कुईकेल (द्वीतिय) शाखा कार्यालय भैरहवाका रेवती प्रसाद गौतमका सुपुत्र मणिराज गौतम (तृतीय )लाई वी.पी. छात्रवृत्ति तथा पुरष्कारबाट सम्मानित गरिएको थियो । आयोजक संघका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापाको सभापतित्वमा सम्पन्न उक्त समारोहमा नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय अध्यक्ष गणेश निरौला ,नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष गणेश वहादुर के.सी. आयोजक संघका वरिष्ठ उपाध्यक्ष दिनेश विक्रम थापाले मन्तव्य दिनुभएको थियो । आयोजक संघका महासचिव माधव दत्त पन्तको संचालनमा बैकका वरिष्ठ पदाधिकारी तथा कर्मचारीको उल्लेख्य सहभागितामा सम्पन्न उक्त समारोहमा सम्मानित व्यक्तित्व वरिष्ठ साहित्यकार युवराज नयांघरे ,छात्रा इशा दहाल तथा रावावैकका सूचना संयोजक मुकुन्द अर्याल लगायतका व्यक्तिहरुले मन्तव्य तथा कविता प्रस्तुत गर्नुभएको थियो ।

## राबियाको तीज विशेष कार्यक्रम सम्पन्न



**८ भाद्र, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको आयोजनामा महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा ट्रेड यूनियन आन्दोलनमा पेशाकर्मी महिलाहरुको भूमिका विषयक प्रशिक्षण, नाचगान, दर खाने तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ। माननीय सासंद प्रभादेवी बज्राचार्यको प्रमुख आतिथ्यमा कर्मचारी संघको महिला विभागका प्रमुख एवं संघको उपाध्यक्ष तोया ढुङगेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कर्मचारी संघका अध्यक्ष बेद बहादुर लावती, बरिष्ट उपाध्यक्ष भरत प्रसाद भट्टराई, महसचिव हेमराज सुबेदी लगायत दुई सय महिला दिदि बहिनीहरुको उपस्थिति थियो।

## फियनको तीज विशेष कार्यक्रम सम्पन्न



**१० भाद्र, काठमाण्डौं**

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिको आयोजनामा नेपाली महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा शुभकामना आदान प्रदान, सांगीतिक कार्यक्रम तथा दरखाने कार्यक्रम सम्पन्न भएको छ। माननीय सांसद एवं नेपाली कांग्रेसका केन्द्रिय सदस्य महालक्ष्मी डीना उपाध्याय (अर्याल )को प्रमुख आतिथ्यमा नेपाल वित्तिय संस्था कर्मचारी संघ रावा बैंक महिला विभागका संयोजक उषा श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, कामु नायव प्रमुख कार्यकारी अधिकृत विष्णु प्रसाद बैद्य, नायव महाप्रवन्धक कविराज अधिकारी, नेपाल वित्तिय संस्था कर्मचारी संघ रावा बैंक केन्द्रीय समितिका अध्यक्ष जितेन्द्र सिंह थापा, बैंकका विभागीय प्रमुखहरु लगायत २ सय ५० जना महिला दिदीबहिनीहरुको उपस्थिति रहेको थियो।

## रावा बैंक अब स्मार्ट मोवाइल बैंकिङ्गमा




**५ भाद्र**

राष्ट्रिय वाणिज्य बैंकले आफ्ना दुई लाख भन्दा बढि ग्राहकहरुकले प्रयोग गरिरहेको मोवाइल बैंकिङ्ग सेवालाई गत आइतबार देखि संसारभरबाट प्रयोग गर्न सकिने गरि RBB Smart सेवा शुरु गरेको छ। यो स्मार्ट सेवा मोवाइलको एस.एम.एस. र इन्टरनेट दुवैबाट चलाउन सकिने छ। यो सेवाको प्रयोगबाट ग्राहकहरुले घरमै बसेर आफ्नो खाताको कारोबार, मौज्दात, दुई प्रतिशत छुटमा मोवाइल टपअप रिचार्ज, अन्तर बैंक रकम ट्रान्सफर, कर्जाको सांवा ब्याज भुक्तानी, चेकबुकको माग, अन्य मर्चेन्ट भुक्तानी, सिकायत, बैंकको शाखा तथा एटिएम लोकेसनको जानकारी आफ्नै मोवाइलबाट लिन सक्नेछन्। एक पटक आफ्नो मोवाइल बैंकको सीस्टममा रजिस्ट्रेसन गरेपछि संसारको कुनै पनि कुनाबाट इन्टरनेटको माध्यमबाट संचालन गर्न सकिने हुदा ग्राहकको समय र लागत दुबै बचाउन मद्दत गर्नेछ। । यो सेवा राष्ट्रिय वाणिज्य बैंकको १६९ वटै शाखा एवं ईलेक्ट्रोनिक बैंकिङ्ग विभागबाट वार्षिक रुपमा रु १५०।- शुल्क तिरेर लिन सकिने छ।

## राष्ट्रिय वाणिज्य बैंकको मुनाफा २ अर्व ६४ करोड

राष्ट्रिय वाणिज्य बैंकले गत अर्थिक वर्ष २०७२।०७३ मा २ अर्व ६४ करोड ८४ लाख ७१ हजार खुद मुनाफा हासिल गरेको छ। निक्षेप संकलनमा अग्रस्थानमा रहेको रावा बैंकले सोही अवधिमा १ खर्व ४६ अर्व २० करोड ७६ लाख रुपैंया निक्षेप संकलन गरी ८५ अर्व ४७ करोड ३ लाख रुपैंया कर्जा लगानी गरेको छ। यस आ.व.मा बैंकले अघिल्लो वर्षमा रेको ५.३५ प्रतिशतको निष्क्रिय कर्जालाई घटाएर ३.९५ प्रतिशतमा पुर्‍याएको छ। यस अवधिमा बैंकको नेट स्प्रेड ४.९३ प्रतिशतबाट ४.२७ प्रतिशतमा घटाएको छ।

### वित्तीय साक्षरता

नोटको हिफाजत गर्ने कुरा आफूले पनि बुझौं र अरुलाई खास गरी बाल बालिकाहरुलाई बुझाऔं।

# ब्रान्च प्रोफाईल शाखा कार्यालय भैरहवा ३०८

## (गत आ.व.को ख वर्गका शाखाहरु मध्ये प्रथम)

निक्षेप :- १,४०,७०,१७,४९९।७५
कर्जा :- ७१,०३,९३,२३५।७३
ग्राहक संख्या :- २३,४६१
NPA :- ० (सुन्य)
गत आ.व.को मुनाफा :-४,३१,२४,४२६।६
कर्मचारी संख्याः- ११ जना
शाखा प्रवन्धकको नाम :- वुद्ध प्रकाश सिंह
प्रति कर्मचारी निक्षेप :- १२,७९,१०,६८१।-
प्रति कर्मचारी कर्जा :- ६,४५,८१,२०३।-
प्रति कर्मचारी मुनाफा :- ३९,२०,४०२।-




(उत्कृष्ठताका सम्बाहकहरु सामुहिक तस्बिरमा)

**सफलताको रहस्य :-**

वैक प्रति कर्मचारीको अपनत्व,उत्साह र लगनशिलता, निरन्तरता, Team Work, विभाग तथा क्षेत्रिय कार्यालय संगको निरन्तर समन्वय तथा सहयोग,ग्राहकमैत्री वातावरण र वैक उच्च व्यवस्थापनको नितिगत प्रभावकारीता, वैकले ग्राहकको आवस्यकता अनुसार ल्याएको सुलभ र सस्तो कर्जा तथा Product आदि ।



*रा.वा. बैंक केन्द्रिय कार्यालय परिसरमा हालै विज्ञापन भएको विभिन्न पदमा दरखास्त हाल्दै गरेका उम्मेद्वारहरु ।*

# समवेदना

यस बैंकको के.का. मा कायरत उपप्रवन्धक राजेन्द्र महर्जन (१०१६५ ) का पिता कृष्ण लाल महर्जन, शा.का.बेशीशहरमा कार्यरत बरिष्ठ वाहक हर्कमान श्रेष्ठ(५९१३)को आमा मोतीकुमारी श्रेष्ठ, शा.का.होलेरीमा कार्यरत स.प्रवन्धक नरेश ध्वज शाही(१०४६६)का पिता भीमध्वज शाही, शा.का.बिरगंजमा कार्यरत क.सहायक विवेक कुमार वराल(११७८६)का पिता जीवन कुमार वराले, शा.का.सुनवलमा कार्यरत सुरक्षा गार्ड खिम बहादुर राना (११२५९)का आमा सुमित्रा राना, शा.का.नेपालगंजमा कार्यरत स.प्रवन्धक सुविल कुमार राई(९८११) का आमा खिमकुमारी राई, शा.का.अमरसिंहचोकमा कार्यरत स.प्रवन्धक श्रीबहादुर रानाभाट(८२५१)को पिता चेतबहादुर रानाभाट, शा.का.बैतडीमा कायरत क.सहायक शिवराज भट्ट (११९२२)को पिता केशवदत्त भट्ट, शा.का.फर्पिङ्का शाखा प्रवन्धक गणेश बहादुर प्रधान(९९५१)को आमा शिवकुमारी प्रधान, मू.शा.का.मा कार्यरत स.प्रवन्धक भरत चित्रकार(८२६४)को पिता पन्नामान चित्रकार, शा.का. ललितपुरमा कार्यरत सुरक्षा गार्ड नारायण बहादुर थापा(११३२७)को पिता नरबहादुर थापा, शा.का. बिराटनगरमा कार्यरत ब.सहायक वेला उपाध्याय(१००२६) को पति दिनेश प्र.उपाध्याय, क्षे.का.बिराटनगरमा कार्यरत ब.सहायक रमेश प्र.कोइराला(४५५६)को आमा छायादेबी कोइराला, शा.का. बिराटनगरमा कार्यरत ब.सहायक केशव तिवारी(९१७३)को पिता खगनीधि तिवारी, क्षे.का. काठमाण्डौंमा कार्यरत उपप्रवन्धक देवनीधि पोखरेल(८७८१)को पिता ऋषिराम पोखरेल, शा.का. अत्तरियामा कार्यरत नगद सहायक कमल ब.चन्द(८८५४)को आमा मोतीरानी ठकुरानी, शा.का. कलैयामा कार्यरत ब.सहायक अजय बिक्रम शाह(८४२१)को आमा कल्पना रानी शाह, के.का.मा कार्यरत प्रवन्धक महेशकुमार पोखरेल(८१९३) को पिता नरनाथ पोखरेल, शा.का.कठौनामा कार्यरत नगद सहायक राम बिलास चौधरी(५२५२)को पत्नी शंकरदेबी चौधरी, शा.का.पृथ्वीचोकमा कार्यरत स.प्रवन्धक रामप्रसाद श्रेष्ठ(८६१६)को पिता नेत्र बहादुर श्रेष्ठ, शा.का.जलेश्वरमा कार्यरत ब.सहायक शत्रुधन मण्डल(१०२६३)को पिता दश्वारी मण्डल, शा.का. थापाथलीमा कार्यरत ब.सहायक मनहरी कार्की(१०२०१)को आमा कान्छि मैया कार्की, शा.का.सु.ब.भैरहवामा कार्यरत कम्प्यूटर सहायक जयन्द्र कुंवर(१२०१९)को आमा जानकीदेबी कुंवर, शा.का.त्रि.अ.वि.मा कार्यरत नगद सहायक नवराज आचार्य(१०४७८)को आमा कान्छी आचार्य, शा.का.कोहलपुरमा कार्यरत सुरक्षा गार्ड पत्र ब.चन्द(११२६३)को आमा हिरादेबी चन्द, शा.का. सानोठिमीमा कार्यरत कार्यलय सहयोगी नेत्रप्रसाद खकुरेल(१०२६६)को दीपराज खकुरेल, शा.का. इनरुवामा कार्यरत व.सहायक रोहिणी बन्जारा(१०२३६)को आमा धनमाया बन्जारा, शा.का. पार्दीमा कार्यरत सुरक्षा गार्ड राम ब.थापा(१०७६७) को आमा दिलमाया थापा क्षेत्री, शा.का.जनकपुरमा कार्यरत नगद सहायक दिलिप कुमार साह(१०४४२)को आमा सीतादेबी साह, शा.का.विराटनगरमा कार्यरत स.प्रवन्धक ध्रुव प्रसाद लुईटेल(५८८१)को पिता डम्वरु प्र.उपाध्याय लुईटेल, शा.का.जनकपुरमा कार्यरत व.सहायक शिव शंकर साह(१०२९९)आमा को निरसी देबी, शा.का.रामनगरमा कार्यरत प्रवन्धक विनोद पाण्डे(११०६८)को आमा खड्ग कुमारी पाण्डे, शा.का.लहानमा कार्यरत व.सहायक अशोक कुमार गुप्ता(१०१७८)को पिता राम कृष्ण प्र.रौनियार, शा.का.जनकपुरमा कार्यरत व. सहायक अशेश्वर प्र.गोइत(५८१७)को पिता रामचन्द्र गोइतको केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाइको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**परिवार**

Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Public Relation & Information Branch, Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423
Chief Advisor: CEO Kiran Kumar Shrestha, Advisor: Information Officer: DGM Sushil Shrestha
E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chhapakhana Pvt. Ltd., Bhaktapur